# थुलुङ दुधकोशी गाउँपालिकाको तेश्रो अध्यक्ष रनिङ शिल्ड महिला तथा पुरुष भलिवल प्रतियोगिता -२०७८, प्रदेश स्तरीय खेलमैदान उद्घाटन तथा गाउँपालिका गान सार्वजनिक कार्यक्रम सम्बन्धी सूचना !!!

थुलुङ दुधकोशी गाउँपालिकाले खेलकुदको माध्यमबाट समाजमा आपसी सद्भाव र सहिष्णुता साथै आपसी हार्दिकतालाई कायम राख्दै युवाहरुमा रहेको खेल प्रतिभा लाई उजागर गर्दै स्थानिय तह, जिल्ला, प्रदेश र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलाडी उत्पादनमा विशेष टेवा पुगोस भन्ने उद्धेश्यका साथ यहि **मिति २०७८ साल चैत्र २७, २८ र २९ गतेका** दिन **"तेश्रो अध्यक्ष रनिङ शिल्ड महिला तथा पुरुष भलिवल प्रतियोगिता-२०७८, प्रदेश स्तरीय खेलमैदान उद्घाटन साथै गाउँपालिका गान सार्वजनिक"** कार्यक्रममको भव्य आयोजना गरीएको हुँदा तपशिल अनुसारका खेलकुदमा सहभागिताका लागी सोलुखुम्बु जिल्ला भित्रका सम्पुर्ण वडा तथा खेलाडीहरुमा थुलुङ दुधकोशी गाउँपालिका हार्दिक आमन्त्रण गर्दछ।

## खेलहरु

## अध्यक्ष रनिङ शिल्ड महिला तथा पुरुष भलिवल प्रतियोगिता – २०७८

### खेलका नियमहरु:

- ✓ भलिवल खेल जिल्लास्तरिय अन्तर-वडा प्रतियोगिताको रुपमा खेलाईने छ।
- ✓ खेल अन्तराष्ट्रिय नियमानुसार खेलाईने छ।
- ✓ १ टिममा १ जना टिम व्यवस्थापक सहित १० जना हुनुपर्नेछ।
- ✓ खेलाडीहरु नयाँ संघीय संरचनागत एउटै वडा भित्रका मात्र हुनुपर्नेछ र उक्त कुरा खुल्ने आधिकारिक प्रमाण पत्रका साथ नाम दर्ता गर्नुपर्नेछ।
- ✓ खेलाडी टिमलाई वडाको झण्डा र पोशाक अनिवार्य गरीएको छ।
- ✓ टिम सहभागिता ५ टिम सम्म मात्र भए लिग, ८ टिम सम्म भए लिगकम नक आउट र सो भन्दा माथी भएमा नकआउटको आधारमा खेलाईने छ।
- ✓ सेमिफाईनल र फाईनल खेल बाहेक सम्पुर्ण खेलहरु वेस्ट अफ श्री मा खेलाईने छ।
- ✓ खेलका क्रममा कुनै विवाद भएमा निर्णायक मण्डल र आयोजकको निर्णय नै अन्तिम हुनेछ।
- ✓ खेलका क्रममा कुनै खेलाडी घाईते भएमा आयोजक जवाफदेही हुने छैन।
- ✓ टिम दर्ता **२०७८ साल चैत्र २६ गते बेलुकी ५** बजेभित्र गरिसक्नुपर्नेछ।
- ✓ टिम दर्ता शुल्क महिला पुरुष दुबै तर्फ **रु पाँच हजार** मात्र लाग्नेछ।
- ✓ खाना बस्नको व्यवस्था टिम आफैले गर्नुपर्नेछ।

### पुरस्कारहरु:

- ✓ प्रथम हुने टिमलाई नगद **रु एक लाख (२५% कर सहित) का साथमा शिल्ड, मेडल र प्रमाण पत्र** प्रदान गरिनेछ।
- ✓ द्धितिय र तृतिय हुने टिमलाई क्रमश: नगद **रु पचहत्तर हजार र रु पचास हजार (२५% कर सहित) का साथमा ट्रफी, मेडल र प्रमाण पत्र** प्रदान गरिनेछ।
- ✓ सान्त्वना हुने टिमलाई नगद **रु वीस हजार (२५% कर सहित ) र प्रमाण पत्र** प्रदान गरिनेछ।
- ✓ उत्कृष्ट १ महिला र १ पुरुष खेलाडिलाई आकर्षक ट्रफिका साथमा नगद पुरस्कारको व्यवस्था गरीएको छ।

## आयोजक: थुलुङ दुधकोशी गाउँपालिका, मुक्ली, सोलुखुम्बु।

### सम्पर्कका लागि:

**खेल संयोजक: श्री रामसंघर्ष किराँती**, मोवाईल नं. ९८४२८४८७०३

**सामाजिक विकास समिति संयोजक: श्री बुद्धिराज राई**, मोवाईल नं. ९८६१०६५७५८

**सदस्य सचिव (नि. प्रमुख प्रशासकीय अधिकृत): श्री उद्धव ढुङगाना**, मोवाईल नं. ९८०३२६०५२८